कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा

कोहलपुर, बाँके,
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०७७/०७८
च.नं.:- ८९८

मिति:२०७८/०१/१७

विषय: विज्ञप्ति।

हालै विश्वभर फैलिरहेको नयाँ भेरिएन्ट सहितको कोभिड-१९ को सङ्क्रमण नेपालका विभिन्न जिल्लाहरु लगायत बाँके जिल्लामा तिव्र रुपमा बढदै गएको सन्दर्भमा कोहलपुर नगरपालिका क्षेत्रमा रहेका विद्यालयहरु समेत प्रभावित भएको हामी सबैलाई विदितै छ । यसैगरी उक्त अवस्थालाई समेत मध्यनजर गरी मिति २०७७/०१/१२ गते बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूबाट जारी आदेशबाट अत्यावश्यक सेवाबाहेकका अन्य सबै प्रकारका सेवा र अत्यावश्यक काम बाहेकको हिँडडुलमा समेत निषेध गरिएको र नेपाल सरकार, कोभिड-१९ सङ्कट व्यवस्थापन सञ्चालन केन्द्र, छाउनी, काठमाडौँबाट मिति २०७८/०१/१२ को प्रेस विज्ञप्ति अनुसार विद्यालयका भौतिक उपस्थिति नभई भर्चुअल र वैकल्पिक माध्यमबाट मात्र पठनपाठन जारी राख्ने र भौतिक उपस्थितिमा मात्र सञ्चालन हुने पूर्व निर्धारित सबै प्रकारका परीक्षाहरु अर्को आदेश नभएसम्मका लागि स्थगित गर्ने विज्ञप्ति जारी भए अनुसार हाल विद्यालयहरुमा शिक्षक र विद्यार्थीहरुको भौतिक उपस्थिति बन्द रहेको छ । उक्त आदेश तथा विज्ञप्तिको सही परिपालनाबाट कोभिड-१९ को चेन ब्रेक गर्न, सङ्क्रमणबाट आफू बच्न र अरुलाई बचाउन समेत ठूलो मद्दत पुगेको छ ।

उक्त कोशिशका बावजूद हालसालै कोहलपुर नगरपालिका क्षेत्रका केही शिक्षकहरु समेत कोभिड-१९ बाट सङ्क्रमित हुन पुगेको समाचारहरु आइरहेका छन् । यसबाट शिक्षक तथा शिक्षकका आश्रित परिवारजनहरुमा पर्न गएको समस्याप्रति कोहलपुर नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा दुःख र सहानुभूति व्यक्त गर्दछ । यस्तो अवस्थामा सबैले आफैँ होशियार रही रोकथामका लागि मास्क लगाउने, हात धुने र दूरी कायम गर्ने आदिजस्ता स्वास्थ्य सुरक्षाका मापदण्डहरु अपनाउनुहुन र सङ्क्रमणको लक्षण देखिएमा उच्च आत्मबल राखी शिघ्र स्वास्थ्य उपचारका विधिहरु अपनाउनु हुन सबै शिक्षक तथा विद्यार्थीहरुलाई हार्दिक अनुरोध गरिन्छ ।

यससँगै नेपाल सरकार, कोभिड-१९ सङ्कट व्यवस्थापन सञ्चालन केन्द्र, छाउनी, काठमाडौँबाट मिति २०७८/०१/१२ मा जारी प्रेस विज्ञप्ति तथा शिक्षा तथा मानवस्रोत विकास केन्द्र, श्रव्यदृश्य शाखा, सानोठिमीको मिति २०७७/०१/१५ को पत्रसाथ प्रकाशित श्रव्यदृश्य तथा श्रव्यपाठ प्रसारण समय तालिका बमोजिम कक्षा १-१० का श्रव्यदृश्यपाठहरु उपयोग गरी भर्चुअल र वैकल्पिक माध्यमबाट सिकाइ सहजीकरण कार्य जारी राख्नुहुन समेत अनुरोध छ ।

साथै कोभिड-१९ सम्बन्धी कुनै अप्ठेरो देखिएमा पी.सी.आर. परीक्षण तथा उपचारका लागि नजिकको अस्पताल वा कोहलपुर नगरपालिका स्वास्थ्य शाखा (अनिलसिंह ठकुरी ९८५८०२०५२२, गेहराज खनाल ९८४८०२१८६४) वा कोहलपुर नगरपालिकाले स्थापना गरेका कोभिड अस्पताल वा आइसोलेसन सेन्टरमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

...............
अनन्तकुमार पौड्याल
शिक्षा शाखा प्रमुख